२०६४ असोज १८ (५ अक्टोबर २००७)

United Nations

महासचिव

SG/SM/11209

सार्वजनिक सूचना विभाग • समाचार तथा आमसञ्चार महाशाखा • न्यू योर्क

# नेपालमा अन्तरिम सरकारको निर्वाचन स्थगन गर्ने निर्णयप्रति महासचिव निराश,

# सात दल गठबन्धनलाई समस्या सुल्झाउनका लागि अतिरिक्त प्रयत्न गर्नुपर्ने कुरामा जोड

महासचिव बान कि-मूनका प्रवक्ताद्वारा आज जारी गरिएको वक्तव्यः

मङ्सिर ६ गते (२२ नोभेम्बर) का लागि निर्धारण गरिएको संविधानसभा निर्वाचनलाई स्थगन गर्ने नेपालको अन्तरिम सरकारको निर्णयप्रति महासचिव निराश हुनुहुन्छ। विद्यमान समस्यालाई तुरुन्त समाधान गर्न र चाँडै निर्वाचन सम्पन्न गर्नका लागि सात दल गठबन्धनले अतिरिक्त प्रयत्न गर्नुपर्ने कुरामा उहाँले विशेष जोड दिनुभएको छ। नेपाली जनताले प्रदर्शन गरेको शान्तिप्रतिको प्रवल चाहनामा सानातिना मतभिन्नताहरूका कारण ठूलो खतरा आइपर्ने डर छ।

नेपालमा स्थायी शान्ति स्थापना गर्नका लागि भइरहेका प्रयत्नमा सघाउ पुऱ्याउन संयुक्त राष्ट्रसंघ प्रतिबद्ध छ।

* *** *

सूचना सम्प्रेषणको लागि • आधिकारिक अभिलेख होइन